# स्थानीय राजपत्र

सूर्यविनायक नगरपालिकाद्वारा प्रकाशित

खण्ड १) कटुञ्जे, भक्तपुर साउन ०५ गते, २०७४ साल (संख्या: ०३

## भाग १

## स्थानीय सरकार

# सूर्यविनायक नगरपालिका

कटुञ्जे, भक्तपुर, बागमती प्रदेश, नेपाल

## सूर्यविनायक नगरपालिका नगरकार्यपालिकाको कार्यालयको सूचना

सूर्यविनायक नगरपालिका नगरसभाले बनाएको तल लेखिए बमोजिमको सूर्यविनायक नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### सम्वत् २०७४ सालको ऐन नं. ३

### सूर्यविनायक नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४

# सूर्यविनायक नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ बमोजिम स्थानीय तहलाई तोकिएको एकल अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले सूर्यविनायक नगरपालिकाको पहिलो सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यो ऐनको नाम सूर्यविनायक नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन सूर्यविनायक नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “ऐन” भन्नाले सूर्यविनायक नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले सूर्यविनायक नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) “नगरपालिका” भन्नाले सूर्यविनायक नगरपालिकासम्झनु पर्छ ।

(घ) “सभा” भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(ङ) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकारः** (१) नेपालको संविधान र प्रचलित ऐन बमोजिम नगर पालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त सूर्यविनायक नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही सूर्यविनायक नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

५. **बचाउः** नगरपालिकाको दैनिक कार्य संचालनका लागि यस अघि कार्यपालिकाको निर्णयानुसार जारी भएका कार्यविधि र निर्देशिकाहरु यसै ऐन बमोजिम जारी भएको मानिनेछ ।

प्रमाणीकरण मितिः २०७४।०४।०२

आज्ञाले,
(यज्ञ बहादुर खत्री)
कार्यकारी अधिकृत